# साना दाबीहरूलाई कसरी मार्गदर्शन गर्ने

**यी मानक निर्देशनहरू सूचनात्मक उद्देश्यहरूका लागि मात्र हुन् र यिनले तपाईँको मुद्दामा कानुनी सल्लाहको काम गर्दैनन्।**

## सामान्य जानकारी

- साना दाबी अदालतले §13-6-403, C.R.S.अनुसार साना मुद्दाहरूको मात्र प्रबन्धन गर्दछ। केही उदाहरणहरूमा रकम वा सम्पत्ति फिर्ता गर्ने, करार कार्यान्वयन वा थन्क्याउने, वा निषेधात्मक नियमहरूको पालना गर्ने दाबीहरू हुन्।
- यदि दाबीको रकम $7,500.00 भन्दा बढी हुन्छ भने, $7,500.00 माथिको जम्मा रकम (ब्यालेन्स) छुट गर्न सक्नुहुन्छ।
- तपाईंलाई दाबीहरूलाई दुईवटा भिन्नभिन्न मुद्दाहरूमा विभाजन गर्ने अनुमति छैन।
- तपाईंले कुनै महिनामा कुनै काउन्टीको साना दाबी अदालतमा दुई भन्दा बढी दाबीहरू दायर गर्न सक्नुहुनेछैन न कुनै क्यालेन्डर वर्षमा 18 भन्दा बढी दाबीहरू नै दायर गर्न सक्नुहुनेछ।
- सीमाहरूको अधिनियम दाबीको किसिममा आधारित रहेर भिन्न-भिन्न हुन्छ।
- ब्याजको कानुनी दर 8% रहेको छ जुन वार्षिक रूपमा चक्रवृद्धि हुनेछ।
- साना दाबी अदालतका सम्पूर्ण क्रियाकलापहरू दायर गर्ने समयमा कुनै पनि प्रतिवादी बस्ने, वा जसको नियमित रोजगार रहेको, वा व्यवसायको कारोबार लागि कार्यालय रहेको वा उच्च शिक्षा संस्थाको विद्यार्थी रहेको काउन्टीमा ल्याइनेछ। निषेधात्मक करारहरू लागू गर्ने कार्यमा वा सुरक्षण जम्मा विवादका स्थितिमा, क्रियाकलापहरू पक्षको वास्तविक सम्पत्ति भएको काउन्टीमा ल्याउन सकिनेछ। केही साना दाबी अदालतहरूमा मध्यस्थता/व्यवस्थापन सहयोग आवश्यक हुन सक्छ।
- सम्पूर्ण मुद्दाहरूको सुनवाइ न्यायाध्यक्ष वा न्यायाधीशसमक्ष हुनेछ। न्यायपीठ सुनवाइ गर्न पाइनेछैन।
- यदि तपाईँ प्रतिवादी हुनुहुन्छ भने सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी र सम्मनहरूको **बेवास्ता नगर्नुहोस्।** तपाईँविरुद्ध फैसला हुनसक्छ, र अर्को पक्षले सङ्कलन प्रक्रिया आरम्भ गर्नसक्छन्।
- यदि तपाईँ वादी हुनुहुन्छ भने प्रतिक्रिया वा प्रतिदाबीको **बेवास्ता नगर्नुहोस्**। तपाईँ विरुद्ध फैसला हुन सक्छ, र अर्को पक्षले सङ्कलन प्रक्रिया आरम्भ गर्न सक्छन्।
- अदालतले तपाईँका लागि तपाईँको फैसला सङ्कलन गर्न सक्दैन।
- अतिरिक्त जानकारीका लागि, कृपया साना दाबीहरू (नियमहरू 501-521) का लागि कार्यविधिको कोलोराडो नियमहरूको समीक्षा गर्नुहोस्।
- यदि तपाईँ अशक्त हुनुहुन्छ र अदालतको पहुँचका लागि युक्तिसङ्गत बन्दोबस्त आवश्यक छ भने कृपया आफ्नो स्थानीय एडिए संयोजकसँग सम्पर्क गर्नुहोस्। सम्पर्क जानकारी निम्नलिखित वेबसाइटबाट प्राप्त गर्न सकिनेछ: http://www.courts.state.co.us/Administration/HR/ADA/Coordinator_List.cfm

## सामान्य शब्दहरू

| | |
|---|---|
| ⌦ वादी: | मुद्दा दायर गर्ने व्यक्ति(हरू) वा संस्था। |
| ⌦ प्रतिवादी: | व्यक्ति(हरू), कम्पनी वा अन्य संस्था जस विरुद्ध मुद्दा दायर गरिएको छ। |
| ⌦ सिकायत: | सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी र सम्मनहरू जसले दाबीको रकम र दाबीको कारण। |
| ⌦ सम्मनहरू: | सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरू फारामको खण्ड, जसले प्रतिवादीलाई कहिले र कहाँ उपस्थित हुने हो सूचित गर्छ। |

| | |
|---|---|
| ⌦ प्रतिक्रिया: | सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरू फारामको खण्ड जहाँबाट प्रतिवादीले दाबी सत्य नरहेको वा रकमको मामिलामा गलत रहेको उल्लेख गर्न सक्छन्। |
| ⌦ प्रतिदाबी: | प्रतिक्रियाको त्यो अंश जसले वादीले प्रतिवादीलाई तिर्नु पर्ने रकम वा सम्पत्तिको उल्लेख गर्छ। |
| ⌦ प्रक्रियाको सूचना: | सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरू प्रतिवादीलाई प्रदान गर्ने आधिकारिक विधि, जसद्वारा उसलाई/उनलाई मुद्दा दायर गरिएको सूचना दिइन्छ। |
| ⌦ कसुरदार आदेश: | यदि प्रतिवादी अदालतको सुनवाइका समयमा उपस्थित नभएमा, अदालतले "कसुरदार" आदेशतर्फ प्रवेश गर्नसक्छ, जसले सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरूमा पहिचान गरिएका राहतहरूको दायित्व वादीलाई लगाउन सक्छ। |
| ⌦ सुनवाइ मिति: | वादी र प्रतिवादी अदालतमा उपस्थित हुने मिति, जुन सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरूमा सूचीकृत गरिएको हुन्छ। |
| ⌦ मध्यस्थता: | एउटा गोपनीय, अनौपचारिक प्रक्रिया जसमा तालिमप्राप्त तटस्थ तेस्रो पक्षले द्वद्वरत मानिसहरूलाई परस्पर स्वीकारयोग्य सम्झौतामा पुग्न मद्दत गर्दछ। |
| ⌦ हुन सक्ने: | कानुनी शब्दावलीमा "हुन सक्ने" लाई "वैकल्पिक" वा "गर्न सक्ने" परिभाषित गरिएको छ। |
| ⌦ हुनु पर्ने: | कानुनी शब्दावलीमा "हुनु पर्ने" लाई "आवश्यक" परिभाषित गरिएको छ। |

## शुल्कहरू

दायर गर्ने शुल्क दाबी गरिएको रकमका आधारमा भिन्न भिन्न हुनेछ। यदि तपाईं उक्त शुल्क भुक्तानी गर्न असमर्थ हुनुहुन्छ भने तपाईंले भुक्तानी बिनै दायर गर्ने प्रस्ताव पूरा गर्नु पर्नेछ र सहयोगी आर्थिक सपथपत्र (JDF 205) सहित अदालतमा बुझाउनु पर्नेछ। तपाईंले पूरा गरिएको JDF 205 फाराम तथा एउटा रिक्त आदेश (JDF 206) बुझाएपछि अदालतले तपाईंले दायर शुल्क तिर्नु पर्ने नपर्ने निर्णय गर्नेछ।

- $500,00 सम्मको दाबी: $ 31,00
- $500,01 देखि $7 500,00 सम्मको दाबी : $ 55,00

### प्रतिवादीले भुक्तानी गर्ने प्रतिक्रिया शुल्कहरू निम्न छन्:

**प्रतिदाबी बिनाको प्रतिक्रिया:**

- $500,00 सम्मको दाबी : $ 26,00
- $500,01 देखि $7 500,00 सम्मको दाबी: $ 41,00

**प्रतिदाबी सहितको प्रतिक्रिया:**

- यदि वादीको दाबी $500.00 वा कम छ भने र प्रतिदाबी $500.00 वा कमः $31.00
- यदि वादीको दाबी $500.00 भन्दा बढी छ वा छ भने प्रतिदाबी $500.00 भन्दा बढी हुन्छ तथा $7,500.00 भन्दा बढी हुँदैन: $46.00

### मुद्दाको पक्षले सामना गर्नुपर्ने अन्य शुल्कहरू निम्न छन्:

- ❑ प्रलेखहरूको प्रतिलिपि (फाइलमा भएका प्रलेखहरू) $ — $.75 प्रति पृष्ठ वा दुवै पट्टि हो भने $1.50
- ❑ प्रलेखहरूको प्रतिलिपि (फाइलमा नभएका प्रलेखहरू ) — $.25 प्रति पृष्ठ वा दुवै पट्टि हो भने $.50
- ❑ सूचना शुल्क — भिन्नभिन्न हुन्छ (प्रक्रिया सूचकलाई भुक्तानी गर्नु पर्ने)

- ❑ प्रमाणीकरण शुल्क $ 20.00
- ❑ ऋणअनुबन्धको रिट $ 45.00
- ❑ फैसलाको ट्रान्सक्रिप्ट $ 25.00
- ❑ फैसलाको सन्तुष्टि $ 20.00

## फारामहरू

फारामहरू अनलाइन प्राप्त गर्नका लागि www.courts.state.co.us मा जानुहोस् र "फारामहरू" ट्याबमा क्लिक गर्नुहोस्। फारामहरू **"साना दाबीहरू"** छानेपछि 'पिडिएफ' वा 'वर्ड'मा उपलब्ध हुनेछन्। अनलाइनबाट कुनै फाराम लिनका लागि कृपया फारामको शीर्षकमा पिडिएफ वा वर्डमा क्लिक गर्नुहोस्। तपाईंले फारामहरू अनलाइन पूरा गर्न सक्नुहुनेछ र प्रिन्ट गर्न सक्नुहुनेछ वा ती फारामलाई प्रिन्ट गरेपछि टाइप गर्न वा स्पष्टसँग कालो मसीले लेख्न सक्नुहुनेछ। **कुनै साना दाबी मुद्दामा तपाईंले दायर गर्न आवश्यक प्रारम्भिक फाराम JDF 250 हो।**

- ❑ JDF 250 सुनवाइमा उपस्थित हुनका लागि सूचना, दाबी तथा सम्मनहरू

**तपाईंलाई आवश्यक पर्न सक्ने अतिरिक्त फारामहरू:**

- ❑ JDF 75 करार
- ❑ JDF 254 सम्मन वा प्रस्तुत गर्न सम्मन

## तपाईंको मुद्दा दायर गर्ने चरणहरू

### चरण 1: सुनवाइका लागि उपस्थित हुन सूचना, दाबी तथा सम्मन (JDF 250) पूरा गर्नुहोस्।

- ❑ शीर्षकमा वादी(हरू) तथा प्रतिवादी(हरू) का नाम(हरू) र ठेगानाहरू पहिचान गर्नुहोस्, पाना नम्बर ३ हेर्नुहोस्।
- ❑ यस अतिरिक्त, यदि प्रतिवादी(हरू) कुनै व्यवसाय वा कुनै संस्था भए प्रतिवादीहरूलाई सूचित गर्नका लागि को पञ्जीकृत एजेन्ट को हो भनी निर्धारण गर्न www.sos.state.co.us (व्यवसाय खण्ड छान्नुहोस्) मा अनलाइन जानुहोस्। **नोट:** तपाईंले प्रतिवादीको व्यवसाय कसरी सङ्गठित छ भनी पहिचान गर्न जरूरी छ। उदाहरणका लागि, यदि व्यवसाय पूर्ण स्वामित्वको, कर्पोरेसन, आदि हो होइन। काउन्टी अदालत नागरिक कार्यविधिका कोलोराडो नियमहरूको नियम 304 ले व्यवसायको प्रकारमा आधारित रहेर कसरी सूचना पूरा गरिनुपर्छ भनेर पहिचान गर्छ र यस जानकारीले JDF 250 सूचित गर्दा सूचनाका नियमहरू जान्ने व्यक्तिलाई सहयोग गर्नेछ।
- ❑ यदि प्रतिवादी सरकारी एजेन्सी भए, §24-10- 109, C.R.S.अनुसार आफ्नो मुद्दा अदालतमा दायर गर्नुअघि तपाईंले महान्यायाधिवक्ता वा अन्य सरकारी प्रतिनिधिसँग लिखित सूचना दायर गर्न आवश्यक हुनसक्छ।
- ❑ कृपया सबै चार प्रश्नहरूको जबाफ **हो** वा **होइन**ले दिनुहोस्।
- ❑ तपाईंले आफ्ना कागजपत्रहरू दायर गरिसकेपछि अदालतले तय गरिएको अदालतको सुनवाइको मिति भएको बाकस पूरा गर्नेछ।
- ❑ वादीको दाबी खण्डमा कृपया आफ्नो दाबीको छोटो विवरण लेख्नुहोस्। आफूले दाबी गरेको कुरा, अनुरोध गरेको रकम, तथा आफ्नो दाबीलाई समर्थन गर्ने कारणहरूको सारांश सामेल गर्नुहोस्।
- ❑ **यदि तपाईं वर्ड वा पिडिएफ संस्करण प्रयोग गरेर JDF 250 पूरा गर्दै हुनुहुन्छ भने, फारामका सम्पूर्ण 4-भागहरू पूरा गर्नुहोस्।**
- ❑ यस फाराममा कुनै प्रमाण वा कागजपत्र संलग्न नगर्नुहोस्।

<table>
<tr><td>साना दाबी अदालत (काउन्टीको नाम स्पष्ट लेख्नुहोस्/टाइप गर्नुहोस्) काउन्टी,<br>कोलोराडो<br>अदालत ठेगाना:</td><td rowspan="2"><br>▲ अदालतको प्रयोगका लागि मात्र ▲<br>मुद्दा नम्बर:<br><br>विभाग न्यायकक्ष</td></tr>
<tr><td>वादी(हरू): (तल आफ्नो नाम तथा जानकारी स्पष्टसँग लेख्नुहोस् वा टाइप गर्नुहोस्।)<br>ठेगाना:<br>शहर/राज्य/जिप:<br>फोन: घर कार्यस्थल<br>v.<br><br>प्रतिवादी(हरू): (तल प्रतिवादीको नाम तथा जानकारी स्पष्टसँग लेख्नुहोस् वा टाइप गर्नुहोस्।)<br>ठेगाना:<br>शहर/राज्य/जिप:<br>फोन: घर कार्यस्थल</td></tr>
<tr><td colspan="2">फारामको नाम</td></tr>
</table>

## चरण 2: अदालतमा आफ्नो फाराम दायर गर्नुहोस्।

- ❑ अदालतलाई उक्त फाराम बुझाउनुहोस्। **यदि तपाईं फाराम वर्ड वा पिडिएफ संस्करणमा पूरा गर्दै हुनुहुन्छ भने सम्पूर्ण भागहरू (7 पृष्ठ) अदालतमा लिएर आउनुहोस्। यदि तपाईंसँग एनसिआर फाराम छ भने, चार-भागको फाराम ल्याउनुहोस्।**
- ❑ उपयुक्तता अनुसार $31.00 वा $55.00 दायर शुल्क भुक्तानी गर्नुहोस्
- ❑ अदालत सुनवाइका लागि मिति र समय पहिचान गर्ने खण्ड अदालतले पूरा गर्नेछ। अदालत सुनवाइको मिति प्रत्येक अदालत अनुसार फरक हुनेछ। अदालतले अदालत सुनवाइ मिति अघि वा सोही दिन मध्यस्थता आवश्यक गर्न सक्नेछ।

## चरण 3: सुनवाइका लागि उपस्थित हुन सूचना, दाबी तथा सम्मनहरूको सूचना जारी गर्नुहोस्।

- ❑ उक्त सूचना सुनवाइको मिति भन्दा कम्तीमा 15 दिन अघि जारी गर्न जरुरी छ। यदि त्यसो गरिएन भने, सुनवाइको मिति पुनः तय गर्नु पर्नेछ वा तपाईंको मुद्दा खारेज हुन सक्नेछ।
- ❑ **"प्रतिवादीको प्रति"** को अलग अलग प्रति प्रत्येक प्रतिवादीलाई प्रदान गर्नु पर्नेछ। प्रतिवादी एकभन्दा बढी भएको खण्डमा, प्रत्येक प्रतिवादीका लागि "**प्रतिवादीको प्रति**" को अगाडि र पछाडि दुवैको प्रति बनाउनुहोस्।
- ❑ तपाईंसँग यो सूचना प्रदान गर्ने दुईवटा विकल्पहरू छन्।

**व्यक्तिगत सूचकद्वारा:**

- ❑ प्रत्येक प्रतिवादीलाई सूचित गर्नका लागि सेरिफको विभाग, कुनै निजी प्रक्रिया सूचक, वा तपाईंले चिनेको 18 वर्ष वा माथिको व्यक्ति, जो यस मुद्दाको कुनै पक्ष होइन र जसले सूचना प्रदान गर्ने नियमहरू जानेको छ छान्नुहोस्। सेरिफको विभाग वा निजी प्रक्रिया सूचकलाई सूचना शुल्क भुक्तानी गर्नु पर्ने हुन्छ। तपाईंले मुद्दा जित्नुभयो भने उक्त शुल्क तपाईंको अदालतको खर्चको अंशका रूपमा प्रदान गरिन्छ।
  - ❑ तपाईंले प्रक्रिया सूचकहरू अन्तर्गत पित पृष्ठहरूमा निजी प्रक्रिया सूचकहरू पत्ता लगाउन सक्नुहुन्छ।
  - ❑ प्रक्रिया सूचकलाई प्रत्येक प्रतिवादीका लागि सुनवाइका लागि उपस्थित हुने सूचना, दाबी तथा सम्मनहरू "**प्रतिवादीको प्रति**" तथा "**सूचनाको सपथपत्र**" खण्ड एकएक प्रति प्रदान गर्नुहोस्।
  - ❑ प्रक्रिया सूचकले यस फारामको पूरा गरिएको सूचनाको सपथपत्र खण्ड तपाईंलाई फिर्ता गर्नेछन् जुन तपाईंले अदालतमा आफ्नो सुनवाइको मिति अघि वा सो मितिमा दायर गर्नु पर्नेछ।
  - ❑ आफ्नो रेकर्डका लागि सूचनाको सपथपत्रको एक प्रति आफूसँग राख्नुहोस्।

**अदालतको क्लर्कद्वारा प्रामाणिक हुलाक:**

- ❑ तपाईंले अदालतलाई प्रामाणिक हुलाकद्वारा सूचना प्रेषित गरिमाग्न अनुरोध गर्न सक्नुहुनेछ। **अदालतले मात्र यो काम गर्न सक्छ।** प्रामाणिक हुलाक प्राथमिकतामा रहेको सूचनाको विधि होइन र यसले तपाईंको अदालतको सुनवाइमा बिलम्ब गराउन सक्छ।
    - ❑ तपाईंले आफ्नो मुद्दा दायर गरेका बेलामा प्रामाणिक हुलाकका लागि शुल्क भुक्तानी गर्नु पर्ने हुन्छ। उक्त शुल्क $5.00 देखि $15.00 सम्म हुन सक्छ।
    - ❑ **यदि प्रामाणिक हुलाक पूरा गर्न सकिँदैन भने फाराम सूचित गर्नका लागि तपाईंले सेरिफ वा प्रक्रिया सूचकको प्रयोग गर्न जरुरी छ।**

## मध्यस्थताका लागि तयारी

तपाईंको विवाद समाधान गर्नका लागि मध्यस्थता एउटा प्रभावकारी विधि हुन सक्छ। मध्यस्थतामा, एउटा तटस्थ तेस्रो पक्षले पक्षहरूलाई परस्पर स्वीकार्य सहमतिमा पुग्न मद्दत गर्नका लागि पक्षहरूसँग गोपनीय व्यवस्थापनमा काम गर्दछ। तपाईंलाई अदालतले मध्यस्थता गर्न आदेश दिनसक्छ, वा सुनवाइमा नपुगिकनै आफ्नो मुद्दा समाधान गर्न तपाईंले मध्यस्थता छान्न सक्नुहुन्छ। मध्यस्थता सेवाहरू विवाद समाधानको कोलोराडो कार्यालय (720-625-5940) बाट वा निजी मध्यस्थकर्ताहरू (पहेंलो पृष्ठहरूका सूची हेर्नुहोस्) बाट उपलब्ध छन्। केही क्षेत्रहरूले निःशुल्क वा न्यून शुल्क मध्यस्थता सेवाहरू प्रदान गर्दछन्।

मध्यस्थतामा तपाईंले कुनै पनि कानुनी वा वित्तीय कागजपत्रहरू र विवादसँग सम्बन्धित अन्य जानकारीहरू ल्याउनु पर्नेछ।

## मध्यस्थताका सम्भावित उपलब्धिहरू

- ❑ तपाईं र अर्को पक्ष एउटा करार/सहमतिमा पुग्न सक्नुहुन्छ। सहमति पहिचान गर्नका लागि एउटा करार फाराम (JDF 75) तयार गर्नुहोस्। दुवै पक्षहरूले फाराममा हस्ताक्षर गरी अदालतमा बुझाउनु पर्नेछ।
- ❑ उक्त पक्ष रकम भुक्तानी गर्नु पर्ने कुरामा र भुक्तानी गरिएको कुरामा सहमत हुन सक्छ। सहमति पहिचान गर्न तथा भुक्तानी गर्नका लागि एउटा करार फाराम (JDF 75) तयार गर्नुहोस्। दुवै पक्षहरूले फाराममा हस्ताक्षर गरी अदालतमा बुझाउनु पर्नेछ, जसले गर्दा अदालतलाई उक्त मुद्दा खारेज गर्न सकिने कुरा थाहाहोस्। **उक्त करार फाराममा अदालतको क्लर्क सामु वा नोटरी पब्लिकसमक्ष हस्ताक्षर गर्नुपर्नेछ।**
- ❑ यदि तपाईं र अर्को पक्ष कुनै करार/सहमतिमा पुग्नुहुन्न भने, तपाईंका लागि अदालतले सुनवाइ गर्नेछ।

## अदालतको सुनवाइका लागि तयारी

तपाईं आफ्नो अदालतको सुनवाइका दिन समयमै वा अघि नै पुग्न तथा तपाईंसँग सम्पूर्ण जानकारी हुन जरुरी छ। कृपया न्यायकक्षमा आफ्नो मोबाइल फोन स्विच अफ गर्नुहोस् र सबै पक्षको सम्मान गर्नुहोस्। सुनवाइमा जानबाट बच्नका लागि दाबीलाई व्यवस्थापन गर्न सकिन्छ कि सकिँदैन भनी निर्धारण गर्न तपाईंलाई अर्को पक्षसँग कुराकानी गर्न भन्न सकिनेछ। पालना गर्नुपर्ने केही चरणहरू तल दिइएका छन्:

- ❑ आफ्नो अदालतको मिति अघि, साना दाबी अदालत सुनवाइ अवलोकन गर्न सकिन्छ कि भनी क्लर्कलाई सोध्नुहोस्। यो **आवश्यक छैन**, तर यसले तपाईंलाई अदालतमा बढी सहज अनुभव गराउन र आफ्नो अदालतका लागि तयारी गर्न मद्दत गर्नेछ।
- ❑ आफूलाई आवश्यक पर्न सक्ने प्रमाण निर्धारण गर्नुहोस्। यदि तपाईंसँग एकभन्दा बढी सबुतहरू भए, सम्पूर्ण सबुतहरूलाई मिलाउनु र लेबल गर्नु राम्रो हुन्छ। सबुतका उदाहरणहरूमा फोटो, चार्ट तथा रसीदहरू जस्ता कागजपत्रहरू पर्छन्। प्रतिवादी(हरू) का लागि र अदालतका लागि सबुतका

प्रतिलिपहरू बनाउनुहोस्। अदालतले तपाईँका लागि प्रतिलिपिहरू बनाउनु परेमा, प्रतिलिपि शुल्कहरू लगाइने छन्।

- ❑ आफूलाई कुनै साक्षीहरू चाहिने नचाहिने निर्धारण गर्नुहोस्। तपाईँले साक्षीलाई स्वेच्छिक रूपमा उपस्थित हुन अनुरोध गर्न सक्नुहुनेछ, वा तपाईँले अदालतलाई प्रत्येक साक्षीका लागि सम्मन जारी गर्न अनुरोध गर्न सक्नुहुनेछ। सम्मन जारी गर्नका लागि निर्देशनहरू (JDF 79) न्यायिक वेबसाइटमा सामान्य खण्ड अन्तर्गत प्राप्त गर्न सकिनेछ। धेरैजसो परिस्थितिहरूमा अदालतले साक्षीहरूका लिखित वक्तव्यहरू स्वीकार गर्नेछ।
- ❑ आफू अदालतमा उपस्थित हुनुअघि, आफूले प्रस्तुत गर्ने प्रमुख विषयहरूलाई चिन्हाङ्कित गर्नुहोस्। अरूले प्रमाण प्रस्तुत गरिरहँदा, उनीहरूले बोलेका कुरा टिपोट गर्नुहोस्।

## तपाईँको अदालत सुनवाइका सम्भावित प्राप्तिहरू

- ❑ न्यायाध्यक्ष वा न्यायाधीशले साधारणतया तथ्यहरू, कसले जित्यो, तथा फैसलाको रकम निर्धारण गर्नेछन्। न्यायाध्यक्ष वा न्यायाधीशले जित्ने पक्षलाई खर्चहरू (दायर शुल्क, सेवा शुल्क(हरू), तथा यदि भएमा साक्षी शुल्क(हरू) लगाउन सक्नेछन्।
- ❑ फैसला प्रदान गरिएको पक्ष रकम सङ्कलनका लागि जिम्मेवार हुनेछ। **अदालतले यो काम तपाईँका लागि गर्न सक्दैन।**
- ❑ अदालतले पैसा तिर्नु पर्ने व्यक्तिलाई सोधपुछका लागि प्रस्ताव वा आदेश - लघु फाराम (JDF 252A) वा सोधपुछका लागि प्रस्ताव वा आदेश - दीर्घ फाराम (JDF 252B) प्रदान गर्न सक्नेछ। त्यस्ता सोधपुछहरू पक्षले कहाँ काम गर्छ पहिचान गर्न, बचत/चेक खाताहरूमा जम्मा रकम पत्तालगाउन, र ऋणीको स्वामित्वमा भएको सम्पत्ति पहिचान गर्न मद्दत गर्ने गरी निर्माण गरिएका हुन्छन्, जसले रकम सङ्कलनमा मद्दत पुगोस्।
- ❑ जानकारीहरूको अतिरिक्त सङ्कलन "फैसला सङ्कलन गर्न तथा ऋणअनुबन्धको रिट पूरा गर्नका लागि निर्देशनहरू" शीर्षकमा वेबसाइटमा ऋण अनुबन्ध अन्तर्गत उपलब्ध छ।